प्रति साधारण शेयर रु.१००/- अंकित दरका ६,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्लाका सम्पूर्ण स्थायी बासिन्दाका निमित्त निष्काशन गरिएको ।

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९ आषाढ मसान्त	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
प्रति शेयर नेटवर्थ (रु.)	९२.६६	७७.८२	७२.३३	७२.४९	८१.४५	८८.७१	९७.१३
संचित नाफा/(नोक्सान) (रु. हजारमा)	(३४,११४)	(१०३,१३७)	(१३७,२२८)	(१३६,४६३)	(११४,९९०)	(६९,९९५)	(१७,७९१)
नेटवर्थमा प्रतिफल (%)	(३.८०%)	(१९.०७%)	(९.५०%)	०.२१%	४.२५%	८.१८%	८.६७%
प्रति शेयर आम्दानी (रु.)	(३.५२)	(१४.८४)	(६.८७)	०.१५	३.४६	७.२६	८.४२
कोष तथा जगेडा (रु. हजारमा)	(३४,११४)	(१०३,१३७)	(१३७,२२८)	(१३६,४६३)	(११४,९९०)	(६९,९९५)	(१७,७९१)

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

यस इष्टर्न हाइड्रोपावर लिमिटेडलाई केयर रेटिङ्स् नेपाल लिमिटेडले मिति २०७८/०८/२२ मा "CARE-NP B+(Is) निष्काशनकर्ता रेटिङ्ग" को प्रमाणपत्र प्रदान गरेको छ । CARE-NP B+(Is) ले समयमा वित्तीय दायित्व पुरा गर्न सक्ने सम्बन्धमा उच्च जोखिम रहेको जनाउँदछ (Issuers with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal) । केयर रेटिङ्स् नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (Is) ले सकारात्मक आधार जनाउँदछ भने CARE-NP D (Is) ले नकारात्मक आधारहरु जनाउँदछ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्षसम्म अर्थात् २०७९/०८/२१ गतेसम्म कायम रहेको छ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२(ट) मा उल्लेख गरिएको छ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

इष्टर्न हाइड्रोपावर लिमिटेड
Eastern Hydropower Limited

ललितपुर महानगरपालिका १०, ललितपुर, बागमती
फोन नं.: ९७७-०१-५५५०९३४
वेबसाइट: www.ehpl.com.np, इमेल: pikhuwakhola5@gmail.com

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गरिन्छ ।

प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण:

संगठित संस्थाको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रु.२६,११,७४,६९८।८० र आयोजनाको कुल लागत रु.१,३०,५८,७३,४९४ रहेको छ ।

विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:

अनुमतिपत्र बहाल रहने अवधि मिति २०६७/१२/०७ देखि २१०२/१२/०६ सम्म रहेकोले २३ वर्ष बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि सम्बन्धी विवरण:

साधारण लगानी फिर्ता अवधि ९.०७ वर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि १८.११ वर्ष रहेको छ ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १० कित्ता	दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता	

साधारण शेयरको बिक्री खुल्ला अवधि:

धितोपत्र निष्काशन खुल्ला मिति :	२०७९/०५/०७
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०७९/०५/२१ (बैंकिङ्ग समय पश्चात्)
धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०७९/०६/०५ (बैंकिङ्ग समय पश्चात्)

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७९/०४/०९, तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७९/०४/१२ ।

(१) संस्थाको नाम:

इष्टर्न हाइड्रोपावर लिमिटेड (Eastern Hydropower Limited)।

(२) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस इष्टर्न हाइड्रोपावर लिमिटेड कम्पनी अध्यादेश, २०६२ बमोजिम मिति २०६२/०९/०६ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रूपमा दर्ता भई मिति २०७४/०४/१८ गते पब्लिक लिमिटेडमा परिणत भएको हो ।

(३) संस्थाको रजिष्टर्ड ठेगाना:

यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय ललितपुर जिल्ला, ल.म.न.पा वडा नं. १० ज्वागलमा रहेको छ। सम्बन्धित निकाएको स्वीकृति प्राप्त गरी अन्य विभिन्न स्थानहरुमा शाखा कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ।

(४) कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोबार गर्ने मूख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर म.न.पा. वडा नं. १०, ज्वागलमा रहेको छ भने आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु प्रदेश १ अन्तर्गतको भोजपुर जिल्ला, भोजपुर नगरपालिकामा रहेको छ।

(५) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

१. इष्टर्न हाइड्रोपावर लिमिटेड कम्पनी अध्यादेश २०६२ बमोजिम मिति २०६२/०९/०६ मा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७४/०४/१८ मा प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत भई दर्ता भएको हो ।

२. कम्पनी अध्यादेश २०६२ बमोजिम स्थापना भएको इष्टर्न हाइड्रोपावर लिमिटेडले प्रदेश नं. १ अन्तर्गत भोजपुर जिल्लाको भोजपुर नगरपालिका (साविकको वोखिम गा.वि.स., खावा गा.वि.स., कोट गा.वि.स. तथा भोजपुर गा.वि.स.) मा अवस्थित पिखुवा खोलाको पानी प्रयोग गरी २,५०० किलोवाट क्षमताको पिखुवा खोला साना जलविद्युत आयोजनाको सर्वेक्षणको लागि विद्युत ऐन २०४९ बमोजिम जलस्रोत मन्त्रालयबाट विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र मिति २०६३/०२/२५ गते प्राप्त गरिसकेको छ। सो आयोजनाको निर्माण तथा संचालनको लागि सो ऐनमा व्यवस्था भए अनुसार मिति २०६७/१२/०७ मा विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्रसारण प्रणाली भएको ठाउँमा पुऱ्याई बिक्री गर्ने, प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरीद गर्नका लागि मिति २०६६ साल कार्तिक २४ गते विद्युत खरीद - बिक्री सम्बन्धी सम्झौता गरिसकेको छ।

३. इष्टर्न हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित पिखुवा खोला साना जलविद्युत आयोजनाको २,५०० किलोवाट क्षमताको विद्युत उत्पादन अनुमतिपत्र मिति २०६७/१२/०७ गते प्राप्त भएको थियो। पछि आयोजनाको विद्युत उत्पादन क्षमता २,५०० किलोवाटबाट बृद्धि गरी ५,००० किलोवाट पुऱ्याईएको र विद्युत उत्पादन अनुमतिपत्र उर्जा मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७४/०४/२७ मा पहिलो संशोधन भएको छ। उक्त विद्युत उत्पादन अनुमतिपत्र मिति २०६७/१२/०७ देखि मिति २१०२/१२/०६ सम्म बहाल रहनेछ।

४. इष्टर्न हाइड्रोपावर लिमिटेडबाट निर्माण एवं प्रबर्दन गरेको पिखुवा खोला साना जलविद्युत आयोजनाको लागि मिति २०६८/०६/१५ मा २,५०० किलोवाट विद्युतका लागि विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी मिति २०७०/०२/०८ गते विद्युत प्रसारणका लागि अनुमतिपत्र प्राप्त गरेको र उक्त अनुमति बहाल रहने अवधि मिति २०७०/०२/०८ देखि २०९५/०२/०७ सम्म रहने छ।

५. भोजपुर जिल्लामा अवस्थित ५ मेगावाट क्षमताको पिखुवा खोला साना जलविद्युत आयोजनाको विद्युत गृहबाट उत्पादित विद्युतलाई ३३ के.भी. स्वीचयार्ड मार्फत ३३ के.भी. प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको भोजपुर सवस्टेशनमा जोडी राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिएको छ।

६. यस कम्पनीको कुल लागत रु.१३,०५,८७३,४९४ रहेको र प्रति मेगावाट रु.२६,११,७४,६९८।८० रहेको छ।

७. हाल यस कम्पनीमा ९०८ जना संस्थापक शेयरधनीहरु रहेका छन्। कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ८० प्रतिशत संस्थापक शेयर, १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका वासिन्दा र १० प्रतिशत सर्वसाधारण (कर्मचारी समेत) शेयरधनीहरुको लागि छुट्टाई बाँडफाँड गर्ने व्यवस्था रहेको छ।

८. नेपाल विद्युत प्राधिकरण र यस कम्पनीबीच सम्पन्न Connection Agreement बमोजिम आयोजनाबाट उत्पादित विद्युत आयोजनाको Switch-Yard बाट ६ कि. मि. लामो ३३ के.भि. प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको भोजपुर बजारस्थित ३३ के. भी. सवस्टेशनमा जोडी उक्त सव स्टेशनमा भोजपुर - हिले (करिव ४२ कि.मि.) हिले - धनकुटा (करिब ८ कि. मि.), धनकुटा - धरान (करिब ३२ कि. मि.) धरान - दुहवी (करिब ३० कि. मि.) लामो प्रशारण लाइन मार्फत विद्युत प्रशारण हुने गरेको छ। सामान्यतया ३३ के. भि. प्रशारण लाइनको विद्युत भारवहन क्षमता (Carrying Capacity) १५।१६ मेगावाटसम्म हुनेमा यो प्रसारण लाइनमा तेह्रथुम र संखुवासभामा निर्माण सम्पन्न भएका ५ वटा आयोजनाबाट उत्पादित करिब १८ मेगावाट र भोजपुर जिल्लाबाट उत्पादित २ वटा आयोजनाको १३ मेगावाट गरी कुल ३१ मेगावाट विद्युत ने. वि. प्रा. को हिले सव स्टेशनबाट दुहवीसम्म प्रवाह भईरहेको छ। प्रसारण लाइनको क्षमता भन्दा बढी विद्युत प्रवाह हुँदा बारम्बार ट्रिपिङ्ग हुने, Conductor तार जल्ने, Transformer जल्ने जस्ता समस्या उत्पन्न हुँदा नेपाल विद्युत प्रधिकरणबाट समेतको मौखिक आदेशमा सम्पूर्ण आयोजनाहरुले जडित क्षमताको ५०% मात्र विद्युत उत्पादन गर्न समेत आदेश प्राप्त भएको अवस्था थियो। यसवाट विद्युत उत्पादनमा कमी आई कम्पनीको आम्दानीमा समेत प्रतिकुल प्रभाव परेको छ। यस विषयमा प्रभावित आयोजनाका प्रतिनिधिहरुबाट सम्बन्धित निकायका पदाधिकारीहरुलाई समस्याको अवगत गराइए पश्चात् आ. व. २०७८/०७९ देखि तेह्रथुम र संखुवासभाबाट उत्पादित विद्युत ने.वि.प्रा. को तुम्लिङ्टार सवस्टेशनमा जोडिन पुग्यो र यसबाट प्रसारण लाइनको कारणले हुने ट्रिपिङ्गमा केही हदसम्म मात्र सुधार आई कम्पनीको आयमा समेत बृद्धि भएको छ। हाल संचालनमा आइरहेको प्रसारण लाइनको विकल्पमा ने. वि. प्रा. ले भोजपुर - तुम्लिङ्टार ३३ के. भि. प्रसारण लाइन निर्माण सम्पन्न गरी परिक्षण कार्य समेत सम्पन्न गरिसकेको छ। तुम्लिङ्टारबाट इनरुवा जोड्ने प्रसारण लाइन पूरा भएको तर इनरुवामा निर्माणाधिन सव-स्टेशनको निर्माणकार्य अन्तिम चरणमा पुगेको अवस्था छ। उक्त सवस्टेशनको निर्माण कार्य सम्पन्न भै सकेपछि यस आयोजनाबाट उत्पादित विद्युत भोजपुर - तुम्लिङ्टार - इनरुवाबाट प्रसारण हुनेछ। जसले गर्दा Tripping समस्या समाधान हुने, प्रसारण लाइनको दुरी कम भै हाल कायम रहेको Line loss मा समेत कमी आई कम्पनीको आयमा सुधार हुन जानेछ।

संगठित संस्थाका पिखुवा खोला साना जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

विद्युत परियोजनाको नाम	: पिखुवा खोला साना जलविद्युत आयोजना
आयोजना स्थल	: पिखुवा खोला साना जलविद्युत आयोजनाको संरचना स्थल भोजपुर जिल्लाको देहायको उल्लेखित स्थानहरुमा रहेको छ।
Intake and Head Canal	: भोजपुर न.पा. वडा नं ५ मा पर्दछ।
Settling Basin, Headrace Pipe and Forebay	: भोजपुर नगरपालिका वडा नं ५ र वडा नं ६ मा पर्दछ।
Penstock Pipe, Powerhouse and Tailrace	: भोजपुर नगरपालिका वडा नं ६ मा पर्दछ।
Transmission line and Switchyard	: भोजपुर नगरपालिका वडा नं ६, ७ र ९ मा पर्दछ।
श्रोत नदी	: पिखुवा खोलाको पानी
आयोजनाको किसिम	: रन अफ रिभर (ROR)
विद्युत उत्पादन अनुमति प्राप्त मिति	: नेपाल सरकार उर्जा मन्त्रालय विद्युत विकास विभागबाट ५,००० किलोवाटको लागि मिति २०७४/०४/२७ गते प्राप्त भएको
आयोजनाको कुल लागत	: रु.१,३०,५८,७३,४९४
आयोजनाको प्रति मेगावाट लागत	: रु. २६,११,७४,६९८।८०
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि	: ९.०७ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि	: १८.११ वर्ष

Net Present Value(NPV), Internal Rate of Return (IRR) and साधारण लगानी फिर्ता हुने अवधि गणना विधि तथा तरिका

	वर्ष		नगद प्रवाह		डिष्काउन्टेड नगद प्रवाह	
२०७६–७७	०	१	(१,३०५,८७३,४९४.००)	(१,३०५,८७३,४९४.००)	(१,३०५,८७३,४९४.००)	(१,३०५,८७३,४९४.००)
२०७७–७८	१	०.९२५९२५९२६	८५,४८३,३५९.७५	(१,२२०,३९०,१३४.२५)	७९,१५१,२५९.०३	(१,२२६,७२२,२३४.९७)
२०७८–७९	२	०.८५७३३८८८२	१३३,६१५,९१०.७८	(१,०८६,७७४,२२३.४७)	११४,५५४,१०७.३२	(१,११२,१६८,१२७.६५)
२०७९–८०	३	०.७९३८३२२४१	१४१,२२३,२७०.६४	(९४५,५५०,९५२.८३)	११२,१०७,५८५.४१	(१,०००,०६०,५४२.२४)
२०८०–८१	४	०.७३५०२९८५३	१४६,३७८,९८०	(७९९,१७१,९७२)	१०७,५९२,९२०.४०	(८९२,४६७,६२२)
२०८१–८२	५	०.६८०५८३१९७	१५७,५७१,५२७.२०	(६४१,६००,४४५.२७)	१०७,२४०,५३३.७४	(७८५,२२७,०८८.१०)
२०८२–८३	६	०.६३०१६९६२७	१५९,६३१,७७१.७२	(४८१,९६८,६७३.५४)	१००,५९५,०९४.०३	(६८४,६३१,९९४.०८)
२०८३–८४	७	०.५८३४९०३९५	१६१,६९०,३६३.२१	(३२०,२७८,३१०.३३)	९४,३४४,७७३.९४	(५९०,२८७,२२०.१४)
२०८४–८५	८	०.५४०२६८८८५	१५४,९८७,८२०.३५	(१६५,२९०,४८९.९९)	८३,७३५,०९६.८१	(५०६,५५२,१२३.३३)
२०८५–८६	९	०.५००२४८९६७	१५३,९९७,३६२.९७	(११,२९३,१२७.०१)	७७,०३७,०२१.७७	(४२९,५१५,१०१.५६)
२०८६–८७	१०	०.४६३१९३४८८	१५२,९२०,३०७.९०	१४१,६२७,१८०.८८	७०,८३१,६९०.८१	(३५८,६८३,४१०.७४)
२०८७–८८	११	०.४२८८८८८५९	१५१,८२७,८३९.१८	२९३,४५५,०२०.०६	६५,११६,३५७.७९	(२९३,५६७,०५२.९५)
२०८८–८९	१२	०.३९७११३७५९	१५०,६८३,६२१.०१	४४४,१३८,६४१.०७	५९,८३८,५३९.१०	(२३३,७२८,५१३.८४)
२०८९–९०	१३	०.३६७६९७९२५	१३९,५९३,१७०.४५	५८३,७३१,८११.५२	५१,३२८,११९.०७	(१८२,४००,३९४.७७)
२०९०–९१	१४	०.३४०४६१०४१	१२३,३३५,७३२.७७	७०७,०६७,५४४.२९	४१,९९१,०१२.०२	(१४०,४०९,३८२.७६)
२०९१–९२	१५	०.३१५२४१७०५	१२१,९६०,८२८.९५	८२९,०२८,३७३.२४	३८,४४७,१३९.६६	(१०१,९६२,२४३.१०)
२०९२–९३	१६	०.२९१९८९०४६८	१२०,९३०,६८१.६६	९४९,९५९,०५४.९०	३५,२९८,५१३.२१	(६६,६६३,७२९.८९)
२०९३–९४	१७	०.२७०२६८९५१	१२०,२४१,७५१.२५	१,०७०,२१०,८०६.१५	३२,५००,३१४.७२	(३४,१६३,४१५.१७)
२०९४–९५	१८	०.२५०२४९०२९	१२३,९११,३५७.७०	१,१९४,१२२,१६३.८५	३१,००८,६९६.९६	(३,१५४,७१८.२१)
२०९५–९६	१९	०.२३१७१२०६४	१२३,९११,३५७.७०	१,३१८,०३३,५२१.५४	२८,७११,७५६.४४	२५,५५७,०३८.२४
२०९६–९७	२०	०.२१४५४८२०७	१२३,९११,३५७.७०	१,४४१,९४४,८७९.२४	२६,५८४,७५९.६७	५२,१४१,९९७.९१
२०९७–९८	२१	०.१९८६५५७४८	१२३,९११,३५७.७०	१,५६५,८५६,२३६.९४	२४,६१५,७०३.४०	७६,७५७,७०१.३१
२०९८–९९	२२	०.१८३९४०५०७	१२३,९११,३५७.७०	१,६८९,७६७,५९४.६४	२२,७९२,७१४.९६	९९,५५०,०१९.२७
२०९९–२१००	२३	०.१७०३१५२८४	१२३,९११,३५७.७०	१,८१३,६७८,९५२.३४	२१,१०३,९९८.११	१२०,६५४,०१७.३८
२१००–२१०१	२४	०.१५७६९९३३७	१२३,९११,३५७.७०	१,९३७,५९०,३१०.०३	१९,५४०,७३८.९९	१४०,१९४,७५६.३८
२१०१–२१०२	२५	०.१४६०१७९०५	१२३,९११,३५७.७०	२,०६१,५०१,६६७.७३	१८,०९३,२७६.८५	१५८,२८८,०३३.२२
२१०२–२१०३	२६	०.१३५२०१७६४	१२३,९११,३५७.७०	२,१८५,४१३,०२५.४३	१६,७५३,०३४.१२	१७५,०४१,०६७.३४

Net Present Value (NPV) : रु. १७५,०४१,०६७.३४
Internal Rate of Return : ९.५१%
साधारण लगानी फिर्ता अवधि : ९.०७ वर्ष
डिष्काउन्टेड लगानी फिर्ता अवधि : १८.११ वर्ष
Discounted Factor is assumed : ८%

कम्पनीले सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी मिति २०७६/०२/२७ बाट विद्युत उत्पादन गरी बिक्री गरिरहेको ।

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौता (संशोधन समेत) का मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

- पिखुवा खोला साना जलविद्युत आयोजनाबाट वार्षिक ३,०९,५३,९०२ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। यसमा वर्षायामको लागि २,४९,९९,४३३ किलोवाट घण्टा र सुख्खायामको लागि ५९,५४,४६९ किलोवाट घण्टा निर्धारण गरिएको छ। (विद्युत बिक्री सम्झौता दोश्रो संशोधन अनुसार)
- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.०० (चार रुपैंया मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.७.०० (सात रुपैंया मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मितिलाई आधार वर्ष मानी त्यसपछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले नौ (९) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

आर्थिक वर्ष	सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट)	वर्षायाम (वैशाखदेखि मार्गसम्म) (रु. प्रति युनिट)
व्यापारिक उत्पादन शुरु हुने मिति (COD)	७.००	४.००
COD पछिको पहिलो आर्थिक वर्ष	७.२१	४.१२
COD पछिको दोश्रो आर्थिक वर्ष	७.४२	४.२४
COD पछिको तेश्रो आर्थिक वर्ष	७.६३	४.३६
COD पछिको चौथो आर्थिक वर्ष	७.८४	४.४८
COD पछिको पाँचौ आर्थिक वर्ष	८.०५	४.६०
COD पछिको छैठौं आर्थिक वर्ष	८.२६	४.७२
COD पछिको सातौं आर्थिक वर्ष	८.४७	४.८४
COD पछिको आठौं आर्थिक वर्ष	८.६८	४.९६
COD पछिको नवौं आर्थिक वर्षदेखि सम्झौता अवधिसम्म	८.८९	५.०८

- थप हुने जाने २,५२५ किलोवाट क्षमता अनुसारको थप कन्ट्र्याक्ट इनर्जीको हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० र सुख्खा याममा रु.८.४० विद्युत खरीद हुन आउने रकम कम्पनी वा यस दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै, व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागू हुने गरी प्रत्येक वर्षको लागि ३ प्रतिशतका दरले ५ पटकसम्म साधारण मूल्यवृद्धि दिई दोश्रो संशोधनको बुदाँ नं १२.१ मा उल्लेख भएको दोश्रो तालिका बमोजिम हुनेछ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी)	सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट)	वर्षायाम (वैशाखदेखि मार्गसम्म) (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिनादेखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिनादेखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिनादेखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिनादेखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिनादेखि सम्झौता अवधिसम्म	९.६६	५.५२

- नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा मिति २०७१/०७/१३ मा भएको विद्युत खरीद बिक्री सम्झौता (संशोधित) को दफा १२.१ मा उल्लेख भए अनुसार माथि दोश्रो तालिकामा उल्लेखित संशोधित विद्युत खरीद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।
- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरूको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गरेको छ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) नेपाल सरकारबाट जलविद्युत परियोजनाको सर्वेक्षण, उत्पादन, प्रशारण, वितरण, स्वामित्व ग्रहण तथा संचालन गर्ने अनुमति पत्र प्राप्त गरी जलविद्युत परियोजनाको निर्माण, स्वामित्व ग्रहण तथा संचालन गर्ने तथा परियोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने।
(ख) उत्पादित विद्युत राष्ट्रिय प्रशारण लाइनमा जोड्न आवश्यक पर्ने विद्युतगृह र प्रशारण/वितरण लाइन निर्माण तथा जडान गरी संचालन गर्ने।
(ग) परियोजनाको आवश्यक निर्माण, उत्पादन, विद्युतगृह र प्रशारण/वितरण लाइनको संरक्षण, संचालन, उत्पादित विद्युत नेपालको कानून बमोजिम देशभित्र र बाहिर बिक्री गर्न तथा परियोजनाको एकिकृत र प्रभावकारी ढङ्गले विकास गर्न आवश्यक पर्ने योजना, अध्ययन अनुसन्धान, डिजाइन गर्ने तथा प्रतिवेदन तयार गर्ने।
(घ) परियोजनाबाट उत्पादित विद्युत नेपाल सरकार वा नेपाल विद्युत प्राधिकरण वा अन्य निकाय/संस्थालाई कानून बमोजिम बिक्री वितरण गर्ने।
(ङ) कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति लिई परियोजनाबाट उत्पादित विद्युत निर्यात गर्ने।
(च) कम्पनीको उद्देश्य वा हितका लागि सरकार सरकारी निकाय व्यक्ति, फर्म, कम्पनी संस्थासँग आवश्यक सम्झौता गर्ने।
(छ) कम्पनीले आफ्नो उदेश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :
  १) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरीद गर्न वा भाडामा लिई प्रयोग गर्ने।
  २) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने।
  ३) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र संचालन गर्ने।
  ४) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने।
  ५) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्ने तथा त्यसलाई बिक्री गर्ने।
  ६) नेपाल सरकार, विद्युत विकास विभागसँग परियोजना विकास सम्झौतामा हस्ताक्षर गर्ने।
  ७) परियोजनाको विस्तृत अध्ययन, अध्यावधिक संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्यांकन गर्ने गराउने।
  ८) परियोजनाबाट उत्पादित विद्युत बिक्री गर्न नेपाल विद्युत प्राधिकरण वा अन्य विद्युत खरीद गर्ने निकायसँग विद्युत खरीद सम्झौता गर्ने।
  ९) कम्पनीको कुनै सम्पत्तिको अवमूलयन गर्नु परेमा वा मर्मत गर्नु परेमा, सुधार गर्नु परेमा, बढाउनु परेमा वा यथास्थितिमा राख्नु परेमा वा रेडिमेवल अग्राधिकार शेयर वा अन्य जुनसुकै उद्देश्यले कम्पनीको हित रक्षा गर्नका लागि ह्रास कोष, संचय कोष, बिमा कोष वा अन्य कोष खडा गर्ने।
  १०) नेपाल सरकार मातहतको विद्युत विकास विभागबाट परियोजनाको निर्माण अनुमति प्राप्त गर्ने।
  ११) परियोजनाको लागि आवश्यक डिजाइन, स्पेसिफिकेसन तयार गरी निर्माण साम्राग्रीहरुको व्यवस्था गर्ने।
  १२) परियोजनाको निर्माण सकिए पश्चात् विद्युत केन्द्र (Power Station) को संचालनको कार्य गर्ने।
  १३) कम्पनीको कुनै पनि अधिकार वा सम्पत्तिमा जुनसुकै तरिकाले संलग्न भई बिक्री गर्ने, सुधार गर्ने, व्यवस्थित गर्ने, विकास गर्ने, सट्टापट्टा गर्ने, कर्जा वा पट्टा वा वहालमा लिने/दिने उपपट्टा, उपबहाल, धितो बन्धक वा कुनै किसिमले प्रबन्ध गर्ने।
  १४) कम्पनीको कुनै वा पुरै उद्देश्य प्राप्तिको लागि स्वदेशी/विदेशी व्यक्ति/फर्म/कम्पनी/संस्थासँग परियोजनाको लागि आवश्यक सामाग्रीहरु खरीद गर्ने तथा प्राविधिक वित्तीय वा अन्य सहयोगको लागि सम्झौता वा करार गर्ने।
  १५) कम्पनीको उद्देश्य प्राप्तिको लागि अन्य जुनसुकै आवश्यक पर्ने कानून बमोजिमका क्रियाकलापहरु गर्ने।

(६) धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनी ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएका प्रावधानहरु तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था बमोजिम जारी पूँजीको १० प्रतिशत अर्थात रु.६,२०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका ६,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि र जारी पूँजीको १०% अर्थात रु.६,२०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका ६,२०,००० कित्ता सर्वसाधारणहरुको बिक्री वितरण गर्ने व्यवस्था भए बमोजिम स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई लगानीको अवसर दिई उनीहरुलाई समेत कम्पनीमा आवद्ध गराई कम्पनीको प्रबन्धपत्रमा भएको उद्देश्य प्राप्तिका लागि तथा तोकिए बमोजिमको पूँजी संरचना कायम गर्नु धितोपत्र जारी गर्नुको मुख्य उद्देश्य रहेको छ।

(७) पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु. ६२,००,००,०००/- (अक्षरेपी बैसठ्ठी करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ६२,००,००० (बैसठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ६२,००,००,०००/- (अक्षरेपी बैसठ्ठी करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ६२,००,००० (बैसठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी : हाल कम्पनीको चुक्ता पूँजी रु. ४९,६०,००,०००/- (अक्षरेपी उनन्चास करोड साठी लाख रुपैया मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले ४९,६०,००० (उनन्चास लाख साठी हजार) थान शेयरमा विभाजन गरिएको छ। स्वीकृत विवरणपत्र मार्फत रु. ६,२०,००,०००/- (छ करोड बीस लाख रुपैंया मात्र) बराबरको शेयर रकम आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दालाई निष्काशन गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ५५,८०,००,०००/- हुनेछ। साथै, आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दालाई शेयर निष्काशन गरे पश्चात् रु. ६,२०,००,०००/- (छ करोड बीस लाख रुपैंया मात्र) बराबरको रकम सर्वसाधारणलाई निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता रकम रु. ६२,००,००,०००/- (अक्षरेपी बैसठ्ठी करोड मात्र) हुनेछ।

(८) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी प्रतिशत (%)	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	४९,६०,०००	८०%	४९,६०,००,०००/-	शत प्रतिशत
ख	आयोजना प्रभावित क्षेत्रका बासिन्दा शेयरधनीहरु	६,२०,०००	१०%	६,२०,००,०००/-	निष्काशन पश्चात् शत प्रतिशत हुने
ग	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	६,२०,०००	१०%	६,२०,००,०००/-	निष्काशन पश्चात् शत प्रतिशत हुने
जम्मा		६२,००,०००	१००%	६२,००,००,०००/-	शत प्रतिशत

नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा बिक्री नभई बाँकी रहेको धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ। यसरी थप गर्दा सामूहिक लगानी कोष योजनालाई निष्काशन गरिने धितोपत्र तथा सर्वसाधारणलाई निष्काशन गरिने धितोपत्रको संख्यामा समेत सोही बमोजिम हेरफेर हुनेछ र नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई आव्हानपत्र प्रकाशित गर्दा सोही बमोजिम संशोधन गरेर मात्र प्रकाशित गरिनेछ।

(९) आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीको विवरण

क्र. सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	नर हाङ्ग राई	सञ्चालक	५९	नेपाली	अन्नपुर्ण-१, भोजपुर	३,९०,१९३	आइ.ए.	शैक्षिक व्यवसायी
२	स्मार्ट इनभेष्टमेन्ट प्रा. लि.	आधारभूत शेयरधनी	लागू नहुने	नेपाली	तिनकुने, काठमाण्डौ ३५	४,००,०००	-	लागू नहुने
३	मनिप्लान्ट इनभेष्टमेन्ट प्रा.लि.	आधारभूत शेयरधनी	लागू नहुने	नेपाली	तिनकुने, काठमाण्डौ ३५	१,९५,८९३	-	लागू नहुने
४	मोहन कुमार राई	आधारभूत शेयरधनी	५९	नेपाली	खाबा ६ भोजपुर जिल्ला	२,०९,८३०	स्नातक	समाजसेवी
५	डा.कविराज वान्तवा	आधारभूत शेयरधनी	५६	नेपाली	झापा जिल्ला, गौरीगन्ज न.पा.वा. नं. ८	१,९३,६२१	पि.एच.डि.	शैक्षिक व्यवसायी
६	रामचन्द्र साह	आधारभूत शेयरधनी	७२	नेपाली	सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १	८०,०००	एम.ई	इन्जिनियर
७	देवराज राई	आधारभूत शेयरधनी	५८	नेपाली	सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १८	७४,४६४	स्नातक	रियलस्टेट व्यवसायी
८	भीम कुमारी पुन चाम्लिङ्ग	आधारभूत शेयरधनी	४१	नेपाली	ललितपुर जिल्ला सुनाकोठी	७३,४६३	-	गृहिणी
९	रोशन शाह	आधारभूत शेयरधनी	४१	नेपाली	सिरहा जिल्ला, सिरहा न.पा.	५५,०००	वि.इ.	इन्जिनियर
१०	अम्बिका कुमारी राई	आधारभूत शेयरधनी	४५	नेपाली	ललितपुर जिल्ला ल.पु न.पा. वडा नं. ८	५०,०००	-	गृहिणी
११	दीपा चाम्लिङ्ग	आधारभूत शेयरधनी	२९	नेपाली	ललितपुर जिल्ला सुनाकोठी	५५,४६३	-	गृहिणी
१२	ओम बहादुर बस्नेत	आधारभूत शेयरधनी	४७	नेपाली	झापा जिल्ला, काकाडभित्ता ७	१,००,०००	स्नातकोत्तर	व्यवसायी
१३	लक्ष्मण कृष्ण राजभण्डारी	आधारभूत शेयरधनी	४८	नेपाली	ललितपुर जिल्ला, लरि न.पा. वडा नं. २०	१,००,०००	स्नातक	व्यवसायी
१४	सुदर्शन प्रसाद पराजुली	आधारभूत शेयरधनी	५३	नेपाली	भक्तपुर जिल्ला, ताथली ४	१,००,०००	स्नातक	शैक्षिक व्यवसायी
१५	मनोरमा जयसवाल	आधारभूत शेयरधनी	३७	नेपाली	महोत्तरी जिल्ला, रामगोपालपुर ६	१,००,०००	डाक्टर	नोकरी
१६	दृप चाम्लिङ्ग	आधारभूत शेयरधनी	५६	नेपाली	ललितपुर जिल्ला, ललितपुर न.पा. वडा नं. २	१,७२,३०४	स्नातकोत्तर	शैक्षिक व्यवसायी
१७	महेश प्रसाद तिमिल्सिना	आधारभूत शेयरधनी	६३	नेपाली	कञ्चनवारी ६, विराटनगर	९०,०००	स्नात्तकोत्तर	विभिन्न सघं संस्थामा व्यवस्थापकमा रही काम गरेको।
१८	पदम बहादुर पौडेल	आधारभूत शेयरधनी	६७	नेपाली	झापा, तोपगाछी गा.वि.स. ६	१,५०,०००	एम. कम	व्यवसाय

सञ्चालकहरुको विवरण :

क्र.सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव		प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
							सम्बन्धित	अन्य	
१	श्री धनबहादुर श्रेष्ठ, बुङ्कोट-६, गोरखा	अध्यक्ष	६२	नेपाली	१०,२८९	स्नातकोत्तर (एम.बि.ए/ बि. एड)	विगत ३ वर्ष देखि याम्बालिङ्ग हाइड्रोपावर प्रा. लि. र मादमे खोला हाइड्रोपावर प्रा. लि. मा संलग्न	➢ पुर्व सहसचिव, नेपाल सरकार ➢ पुर्व प्रमुख तथा कार्यकारी अधिकृत काठमाण्डौं महानगरपालिका ➢ आयोजना प्रमुख - पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना ➢ स्थानीय विकास अधिकारी (विभिन्न जिल्ला)	-
२	श्री देवराज राई, धरान-१८ सुनसरी	संचालक	५८	नेपाली	७४,४६४	स्नातक	-	➢ घर जग्गा सम्बन्धी व्यवसाय	-
३	श्री अशोक कुमार महर्जन, मथुराहरीद्धार -७ बर्दिया	संचालक	५३	नेपाली	२,३२२	स्नातक (बि. ए.)	विगत २ वर्ष देखि मादमे खोला हाइड्रोपावर प्रा. लि.मा संलग्न	➢ ग्लोवल हेल्थ एलाइन्स - अध्यक्ष ➢ चेन्जीङ्ग नेपालको - अध्यक्ष ➢ नागभुषण वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड - अध्यक्ष	-
४	श्री पुष्पराज शर्मा, भरतपुर म.न.पा. वडा नं. ७, चितवन	संचालक	६२	नेपाली	५,१४५	स्नातक	विगत छ महिना देखि यस संस्थामा संचालकको पदमा कार्यरत रहेको।	➢ विगत १८ वर्ष देखि शिक्षा तथा स्वस्थ्य क्षेत्रमा संलग्न भई काम गरेको।	-
५	श्री शोभा देवी कर्माचार्य, ललितपुर	सञ्चालक	६३	नेपाली	३,२१८	स्नातकोत्तर	विगत छ महिना देखि यस संस्थामा संचालकको पदमा कार्यरत रहेको।	➢ विगत ३५ वर्ष देखि सिभिल एभियसन क्षेत्रमा कार्यानुभव।	-
६	श्री शशी राज श्रेष्ठ, ललितपुर	स्वतन्त्र संचालक	७१	नेपाली	-	एम.इ	विगत छ महिना देखि यस संस्थामा संचालकको पदमा कार्यरत रहेको।	३४ वर्षसम्म नेपाल विद्युत प्राधिकरणमा र १० वर्ष सम्म एनएमबि बैंक लिमिटेडमा हाइड्रो सम्बन्धी कार्यानुव	-

(१०) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या
१	श्री धनबहादुर श्रेष्ठ	अध्यक्ष	स्नातकोत्तर	२०७३/०४/०१	➢ २०४४/०४/०१ देखि २०७३/०३/२० सम्म नेपाल सरकारको विभिन्न पदमा कार्यरत रही सह-सचिवबाट अवकार प्राप्त ➢ २०७३/०४/०१ देखि इष्टर्न हाइड्रोपावर लिमिटेडको प्रबन्ध संचालक पदमा कार्यरत रही २०७८/०९/२३ गते देखि सोही कम्पनीको अध्यक्षमा कार्यरत रहेको।	१०,२८९
२	श्री रोशन शाह	प्रमुख कार्यकारी अधिकृत	स्नातक (इन्जिनियरिङ्ग)	२०७२/०८/०१	➢ साइट इन्जिनियर : Japan Turkey Metro Joint Venture मा २०६३ फाल्गुन देखि २०६६ वैशाखसम्म ➢ योजना प्रबन्धक : रसुवा construction प्रा. लिमिटेडमा २०६७/०९/२८ देखि २०६९ भदौसम्म	५५,०००
३	श्री प्रमिला निरौला	वित्त अधिकृत	स्नातकोत्तर	२०७१/०७/१८	➢ मिति २०७१/०७/१८ देखि हालसम्म यसै आयोजनामा वित्त प्रमुख भई कार्य गरेको अनुभव।	१,०००

(११) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ।

संस्थापक समूहका शेयरधनीहरुबाट निर्वाचित	५ (पाँच) जना
सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित	१ (एक) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना

नोट : हाल यस कम्पनीको संचालक समितिमा एक जना महिला संचालक रहेको छ।
* हाल यस कम्पनीमा संस्थापक समूहका शेयरधनीहरुबाट ५ (पाँच) जना संचालकहरु रहेका छन्। प्राथमिक सार्वजनिक निष्काशन पश्चात् आगामी वार्षिक साधारण सभाबाट नियम २७(२)(ख) मा भएको व्यवस्था अनुसार सर्वसाधारण समूहबाट १ जना संचालक समितिको सदस्य निर्वाचित गरिनेछ। साथै, आगामी वार्षिक साधारण सभाबाट कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम सञ्चालक समितिमा १ जना महिला सदस्य रहने व्यवस्था गरी नियमावलीमा आवश्यक संशोधन गरिनेछ।

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालक पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ। तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन।

(१२) सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीका कारोबारको सम्बन्धमा शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सिमित रहनेछ।
तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

(१३) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

वासलात

विवरण	वास्तविक (रु. हजारमा)		
	आ.व. २०७५/७६	आ.व.२०७६/७७	आ.व.२०७७/७८
सम्पत्ति			
गैर चालु सम्पत्ति			
सम्पत्ति, मेशिनरी तथा उपकरण	१,२९७,६१५	१,२५९,९३२	१,२११,०८३
अमूर्त सम्पत्ति	–	–	–
लगानी सम्पत्ति	–	–	–
Deffered-tax Assets	–	–	–
जम्मा गैर चालु सम्पत्ति	**१,२९७,६१५**	**१,२५९,९३२**	**१,२११,०८३**
चालु सम्पत्ति			
लगानी	–	–	–
ईन्भेन्टरी	–	–	–
आयकर प्राप्ति	–	–	–
व्यापार तथा अन्य प्राप्तिहरु	८१,८५२	८२,०२१	६०,९६१
नगद तथा नगद बराबर	८,०१९	५४१	२,६५९
अन्य विविध खर्च	–	–	–
जम्मा चालु सम्पत्ति	**८९,८७१**	**८२,५६२**	**६३,६१९**
जम्मा सम्पत्ति	**१,३८७,४८६**	**१,३४२,४९५**	**१,२७४,७०२**
इक्विटी			
शेयर पूँजी	४६५,०००	४६५,०००	४९६,०००
Call in Advance	४८,९१२	१२०,२६०	–
रिजर्भ र सर्प्लस	(३४,११४)	(१०३,१३७)	(१३७,२२८)
जम्मा इक्विटी	**४७९,७९८**	**४८२,१२३**	**३५८,७७२**
दायित्व			
गैर चालु दायित्व			
कर्जा	७४०,२११	७३७,१५०	७४०,५७१
Deffered Tax Liabilities	–	–	–
जम्मा गैर चालु दायित्व	**७४०,२११**	**७३७,१५०**	**७४०,५७१**
चालु दायित्व			
कर्जा	३०,०००	३०,०००	५३,५५७
ट्रेड र अन्य दायित्व	१३७,४७७	९३,२२१	१२१,८०२
आयकर दायित्व	**–**	**–**	**–**
जम्मा चालु दायित्व	**१६७,४७७**	**१२३,२२१**	**१७५,३५९**
जम्मा दायित्व	**९०७,६८८**	**८६०,३७१**	**९१५,९३०**
जम्मा इक्विटी र दायित्व	**१,३८७,४८६**	**१,३४२,४९५**	**१,२७४,७०२**

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८
संचालन आय	२,५८५	८९,०४७	९९,६३१
बिक्री लागत	(१,१८५)	(९,३४३)	(९,५९२)
जम्मा आय	**१,४००**	**७९,७०४**	**९०,०३८**
अन्य आय	(१,५६३)	५,४९२	१,०६९
कर्मचारी खर्च	(९२५)	(५६५)	(३०८)
प्रशासनिक खर्च	(१,४६६)	(१,४७०)	(३,१८५)
अन्य संचालन खर्च	(७३)	(१,३७३)	(२,१३२)
संचालन नाफा/(घाटा)	**(२,६२८)**	**८१,७८८**	**८५,४८३**
ह्रासकट्टी	(६,१११)	(५०,३४५)	(५०,०२१)
ब्याज अधिको नाफा	**(८,७३८)**	**३१,४४३**	**३५,४६३**
वित्तीय खर्च	(७,६२९)	(१००,४६६)	(६९,५५४)
कर तथा बोनस अधिको नाफा/नोक्सान	**(१६,३६७)**	**(६९,०२३)**	**(३४,०९१)**
कर्मचारी बोनस	**–**	**–**	**–**
कर अधिको नाफा/नोक्सान	**(१६,३६७)**	**(६९,०२३)**	**(३४,०९१)**
कर	**–**	**–**	**–**
खुद नाफा/नोक्सान	**(१६,३६७)**	**(६९,०२३)**	**(३४,०९१)**

वासलात

विवरण	अपरिष्कृत (रु. हजारमा) २०७९ आषाढ मसान्त	प्रक्षेपित (रु. हजारमा)		
		२०७९/८०	२०८०/८१	२०८१/८२
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति, मेशिनरी तथा उपकरण	१,१६२,९३८	१,११२,९०५	१,०६२,९०५	१,०१३,३५८
अमूर्त सम्पत्ति	–	–	–	–
लगानी सम्पत्ति	–	–	–	–
Deffered-tax Assets	–	–	–	–
जम्मा गैर चालु सम्पत्ति	**१,१६२,९३८**	**१,११२,९०५**	**१,०६२,९०५**	**१,०१३,३५८**
चालु सम्पत्ति				
लगानी	–	–	–	–
ईन्भेन्टरी	–	–	–	–
आयकर प्राप्ति	–	–	–	–
व्यापार तथा अन्य प्राप्तिहरु	८७,०६८	८९,६३९	८९,१०२	८७,०८३
नगद तथा नगद बराबर	३,४४३	२,३६०	१,८९०	२,४०७
अन्य विविध खर्च	–	–	–	–
जम्मा चालु सम्पत्ति	**९०,५११**	**९१,९९९**	**९०,९९२**	**८९,४९०**
जम्मा सम्पत्ति	**१,२५३,४४९**	**१,२०४,९०४**	**१,१५३,८९७**	**१,१०२,८४७**
इक्विटी				
शेयर पूँजी	४९६,०००	६२०,०००	६२०,०००	६२०,०००
Call in Advance	–	–	–	–
रिजर्भ र सर्प्लस	(१३६,४६३)	(११४,९९०)	(६९,९९५)	(१७,७९१)
जम्मा इक्विटी	**३५९,५३७**	**५०५,०१०**	**५५०,००५**	**६०२,२०९**
दायित्व				
गैर चालु दायित्व				
कर्जा	७८१,८५६	६०७,२७९	५५०,३६८	४५६,८२४
Deffered Tax Liabilities	–	–	–	–
जम्मा गैर चालु दायित्व	**७८१,८५६**	**६०७,२७९**	**५५०,३६८**	**४५६,८२४**
चालु दायित्व				
कर्जा	–	–	–	–
ट्रेड र अन्य दायित्व	११२,०५६	९२,६१५	५३,५२४	४३,८१५
आयकर दायित्व	–	–	–	–
जम्मा चालु दायित्व	**११२,०५६**	**९२,६१५**	**५३,५२४**	**४३,८१५**
जम्मा दायित्व	**८९३,९१२**	**६९९,८९४**	**६०३,८९२**	**५००,६३९**
जम्मा इक्विटी र दायित्व	**१,२५३,४४९**	**१,२०४,९०४**	**१,१५३,८९७**	**१,१०२,८४७**

नाफा नोक्सान हिसाब

विवरण	अपरिष्कृत (रु. हजारमा) २०७९ आषाढ मसान्त	प्रक्षेपित (रु. हजारमा)		
		२०७९/८०	२०८०/८१	२०८१/८२
संचालन आय	१३३,६७२	१५३,४८७	१६५,८३६	१६८,५०८
बिक्री लागत	(१०,८२४)	(११,७७१)	(१२,३२२)	(१२,६९४)
जम्मा आय	**१२२,८४९**	**१४१,७१६**	**१५३,५१४**	**१५५,८१३**
अन्य आय	२५	–	–	–
कर्मचारी खर्च	(२८४)	(३२६)	(३४३)	(३६०)
प्रशासनिक खर्च	(५,३००)	(१०,२०१)	(३,८६७)	(४,०५४)
अन्य संचालन खर्च	(३,७२९)	(३,९१५)	(४,१११)	(३,८३७)
संचालन नाफा/(घाटा)	**११३,५६२**	**१२७,२७४**	**१४५,१९४**	**१४७,५६३**
ह्रासकट्टी	(४९,९३७)	(५०,०३३)	(५०,०००)	(४९,५४७)
ब्याज अधिको नाफा	**६३,६२५**	**७७,२४१**	**९५,१९४**	**९८,०१६**
वित्तीय खर्च	(६२,८६०)	(५४,६३८)	(४७,८३०)	(४३,०६४)
कर तथा बोनस अधिको नाफा/नोक्सान	**७६५**	**२२,६०२**	**४७,३६४**	**५४,९५१**
कर्मचारी बोनस	**–**	**१,१३०**	**२,३६८**	**२,७४८**
कर अधिको नाफा/नोक्सान	**७६५**	**२१,४७२**	**४४,९९६**	**५२,२०४**
कर	**–**	**–**	**–**	**–**
खुद नाफा/नोक्सान	**७६५**	**२१,४७२**	**४४,९९६**	**५२,२०४**

विगत तथा आगामी तीन वर्षको नेटवर्थमा भएको औषत प्रतिफल

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत (रु. हजारमा)	प्रक्षेपित (रु. हजारमा)**		
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९ आषाढ मसान्त	२०७९/८०	२०८०/८१	२०८१/८२
चुक्ता पूँजी	४६५,०००	४६५,०००	४९६,०००	४९६,०००	६२०,०००	६२०,०००	६२०,०००
सञ्चित नाफा/नोक्सान	(३४,११४)	(१०३,१३७)	(१३७,२२८)	(१३६,४६३)	(११४,९९०)	(६९,९९५)	(१७,७९१)
जम्मा	४३०,८८६	३६१,८६३	३५८,७७२	३५९,५३७	५०५,०१०	५५०,००५	६०२,२०९
अपलेखन हुन बाँकी खर्च	–	–	–	–	–	–	–
कुल नेटवर्थ	४३०,८८६	३६१,८६३	३५८,७७२	३५९,५३७	५०५,०१०	५५०,००५	६०२,२०९
शेयर संख्या ('००० मा)	४,६५०	४,६५०	४,९६०	४,९६०	६,२००	६,२००	६,२००
प्रति शेयर नेटवर्थ (रु.)	९२.६६	७७.८२	७२.३३	७२.४९	८१.४५	८८.७१	९७.१३
खुद नाफा/नोक्सान	(१६,३६७)	(६९,०२३)	(३४,०९१)	७६५	२१,४७२	४४,९९६	५२,२०४
प्रति शेयर आम्दानी (रु.)	(३.५२)	(१४.८४)	(६.८७)	०.१५	३.४६	७.२६	८.४२
नेटवर्थमा प्रतिफल (%)	(३.८०%)	(१९.०७%)	(९.५०%)	०.२१%	४.२५%	८.१८%	८.६७%
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी यु.आर.ए. एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेन्ट श्री उज्वल राज अर्यालबाट प्रमाणित गरिएको छ।
ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (१०.७९%)

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरू :

वित्तीय विवरणको अनुमानहरुको धारणा

१. इष्टर्न हाइड्रोपावर लिमिटेडको आयोजना स्थल भोजपुर जिल्लामा रहेको छ र यसको क्षमता ५ मेगावाट रहेको छ। यस आयोजनाले मिति २०७६/०२/२७ गतेबाट औपचारिक रुपमा विद्युत उत्पादन गरिरहेको छ। आयोजनाको हाल सम्मको कुल औपचारिक लागत सम्पत्ति, मेशिनरी तथा उपकरणमा पूँजीकृत गरिएको छ।
२. वित्तीय लागतलाई वित्तीय संस्थाले प्रदान गरेको ऋण भुक्तानी तालिकामा भएको प्रचलित ब्याज दर; दिर्घकालिन कर्जा तथा ओभरड्राफ्ट ऋणको लागि ८ प्रतिशत प्रक्षेपण गरिएको छ।
३. आम्दानीको प्रक्षेपण विद्युत खरिद सम्झौताको तालिकामा भएको व्यवस्था अनुसार गरिएको छ।
४. रोयल्टी खर्चको प्रक्षेपण देहाय बमोजिम गरिएको छ :
   क्षमता बमोजिम रोयल्टी : रु.१००/किलोवाट
   आम्दानी बमोजिम रोयल्टी : बिलको राजश्वको २ प्रतिशत
   सो रकमलाई नेपाल सरकारलाई तिर्न बाँकी रकम भनी प्रस्तुत गरिएको।
५. ओभरहेड्स हरेक वर्ष ५% ले बढ्ने प्रक्षेपण गरिएको छ।
६. आयोजना लागत आयोजना अवधि ९,७७२ दिनलाई ध्यानमा राखि Straight Line Method बाट परिशोधन गरिएको छ।
७. कर्मचारी बोनस कर अघिको नाफाको ५% हुने अनुमान गरिएको छ।
८. यस आयोजना संचालनको पहिलो १० वर्षसम्म कुनै कर लाग्ने छैन। त्यस पछिको पहिलो ५ वर्षमा कर १० प्रतिशत र बाँकी रहेको अवधिमा २० प्रतिशत लाग्ने प्रक्षेपण गरिएको छ।
९. प्राथमिक सार्वजनिक निष्काशन आ.व. २०७९/८० मा हुने अनुमान गरिएको छ।
१०. सम्पत्ति, मेशिनरी तथा उपकरणको मर्मत खर्च Net Value of PPE को ०.१५% का दरले हुने प्रक्षेपण गरिएको छ।
११. ह्रासकट्टी खर्च सवारी साधनको अनुमानित प्रयोग गर्न सकिने अवधि १० वर्षलाई आधार मानिएको छ। साथै, पीपीईको हकमा, ९००५ दिनको बाँकी परियोजना अवधिलाई विचार गर्दै Straight Line Method को आधारमा ह्रासकट्टी चार्ज गरिएको छ।

(१४) अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेकोले गर्दा वित्तीय जोखिम नभएको।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता भइसकेको हुनाले बजारको जोखिम नरहेको।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम** : आयोजना सम्पन्न भैसकेकोले सो जोखिम नरहेको।

(ङ) **विदेशी विनिमयको जोखिम** : हाल त्यस्तो जोखिम नरहेको।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :**
हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले आयोजनाको निर्माण तथा सञ्चालनमा सो सम्बन्धी कुनै अवरोध नरहेको।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट आयोजनामा कुनै जोखिम नरहेको।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु।

(झ) **सञ्चालन इतिहासको अभाव :**
यस कम्पनीका संचालकहरु नेपालका विभिन्न जलविद्युत आयोजनाको निर्माण तथा संचालन कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहभागी भएका तथा कर्मचारीहरु जलविद्युत निर्माण तथा संचालन कार्यमा अनुभवी रहेको हुँदा यस कम्पनीको सञ्चालन अनुभव अभावबाट हुने जोखिम नरहेको।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**
सो नभएको।

(ट) **अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु।
- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरिएको छ। जलवायु परिवर्तनबाट खोलामा पानीको वहावमा थपघट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्दछ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
आयोजनमा प्रयोग हुने कच्चा पदार्थ भनेको पानी हो र आयोजनाको Catchment Area मा मूल संरक्षणको लागि वृक्षारोपण नियमित रुपमा गरिरहेको।
उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ।
आयोजनामा हुनसक्ने भौतिक क्षतिको जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरेको छ र सो विवरण देहाय बमोजिम रहेको छ :
१. बीमा कम्पनीको नाम : एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड, लाजिम्पाट, काठमाडौं।
२. बीमाले बहन गर्ने जोखिम : यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरु तथा सम्पत्तिको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

सि.नं.	सम्पत्तिहरुको विवरण	बीमा गरिएको रकम रु.	प्रिमियम भुक्तानी गरिएको रकम रु.
१	**आयोजना स्थल** (भवनभित्र रहेका सम्पत्तिहरु)		
१.१	सिभिल कार्यहरु	४९,८१,००,०००	१७,५६,४५८.१०
१.२	हाइड्रोमेकानिकल कस्ट	१८,६०,००,०००	
१.३.	इलेक्ट्रो मेकानिकल वोर्क	१५,६१,००,०००	
जम्मा		**८४,०२,००,०००**	

३. बीमालेख शुरु मिति : २५/११/२०२१
४. बीमालेख समाप्ति मिति : २४/११/२०२२

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु. १०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

(१५) सकारात्मक पक्षहरु :

- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष (आ.व. २०८५/२०८६ सालसम्म) आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट भएको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

(१६) धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकिया :**
आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि छुट्याइएको जारी पूँजीको १० प्रतिशतले हुन आउने ६,२०,००,०००/- बराबरको ६,२०,००० कित्ता शेयरका लागि स्थानीय बासिन्दाहरुबाट अत्याधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था बमोजिम साधारण शेयरहरु बाँडफाँड गरिनेछ। आयोजना प्रभावित क्षेत्रका लागि छुट्याएको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) को उपनियम (३) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिनेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात् बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईनेछ। आस्बा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (स्थानीय तथा सर्वसाधारण) को हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :
संकलन केन्द्र मार्फत संकलित रकममध्ये बाँडफाँडमा नपरेको रकम फिर्ता भुक्तानीमा ढिलाई भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था बमोजिम धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज वापतको रकम सहित फिर्ता भुक्तानी गरिनेछ।
सि-आस्बा मार्फत आवेदन दिने आवेदकहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन।

(घ) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :**
आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा :
स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि जारी गरिने ६,२०,००० कित्ता साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँड गरी निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट मार्फत सो को जानकारी गराइनेछ। बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई प्रमाणपत्र जारी नगरी बाँडफाँडमा परेको शेयर निजहरुले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गरिने व्यवस्था मिलाइनेछ। हितग्राही खाता नभई भौतिक आवेदन फारम मार्फत आवेदन दिई बाँडफाँडमा परेका आवेदनकर्ताहरुलाई निजहरुले हितग्राही खाता उपलब्ध गराए पश्चात् क्रमश: निजहरुले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गरिने व्यवस्था मिलाइनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई बाँडफाँड गरिएको शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले ३ वर्षसम्म बिक्री वितरण गर्न नपाईने गरी हितग्राही खातामा जम्मा गरिनेछ।

(ङ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्न पर्ने शर्तहरु सम्बन्धी विवरण :**
निष्काशन गर्ने साधारण शेयर हाल सूचीकरण भइसकेको छैन।

(च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनी आफै वा कम्पनीबाट नियुक्त शेयर रजिष्ट्रार मार्फत सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्था अनुसार सूचीकरण गराई बाँडफाँडमा परेका आवेदकहरुको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर जम्मा गरी शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ।

(१७) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :

आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्लामा स्थायी बसोबास गर्ने स्थानीय बासिन्दाहरुले स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरीद गर्न आवेदन दिन सकनेछन्।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित/पुष्टी हुने कागजात/प्रमाणपत्र सहित दरखास्त फारम बुझाउनु पर्नेछ।
२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ। स्थानीयको बारेमा कुनै विवाद आएमा सो क्षेत्रमा स्थायी रुपमा बसोबास गरेको व्यहोरा सम्बन्धित नगरपालिकाले सिफारिश गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ।
३. १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ।
४. नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्विकृत भएको मिति २०७९/०४/०९ वा सो पूर्व अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ।
५. अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट आयोजना प्रभावित क्षेत्रमा बसाई सराई गरी आएका बासिन्दाले विवरणपत्र स्वीकृत भएको मिति २०७९/०४/०९ सम्ममा बसाई सराई गरी आएको व्यहोरा तथा मिति उल्लेख गरिएको स्थानीय निकायबाट जारी बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।
६. आयोजना प्रभावित क्षेत्रको स्थानीय बासिन्दा हो वा होईन भन्ने सम्बन्धमा वा शेयर खरीद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित नगरपालिका वा जिल्ला समन्वय समितिबाट स्थानीय हो भन्ने व्यहोराको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ।
७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य क्षेत्र वा जिल्ला गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।
९. धितोपत्र खरीद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनु पर्नेछ।
१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एउटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।
१२. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।
१३. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरिने शेयरमा बाँडफाँडमा परेका स्थानीयहरुले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पूनः आवेदन दिन पाउने छैनन्।
१४. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ।
१५. रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नुपर्नेछ।
१६. आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्य प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट समेत आवेदन फारम बुझाउन सकिनेछ। तर त्यसरी सि-आस्बा मार्फत आवेदन दिने आवेदकको हितग्राही खातामा उल्लेख भएको विवरणमा नागरिकता जारी जिल्ला भोजपुर, आयोजना प्रभावित क्षेत्र भित्र पर्ने स्थायी ठेगाना अनिवार्य उल्लेख भएको हुनुपर्नेछ। सो बाहेक अन्यत्र जिल्लाबाट जारी भएको नागरिकता वा हितग्राही खाताको विवरणमा आयोजना प्रभावित क्षेत्र नखुलेको अवस्थामा त्यस्तो आवेदनलाई बाँडफाँडमा समावेश गरिने छैन। त्यस्ता आवेदकले तोकिएको संकलन केन्द्र मार्फत नै आफु स्थानीय भएको पुष्टि हुने गरी आवश्यक कागजात पेश गरी भौतिक आवेदन पेश गर्नुपर्नेछ।
१७. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि समेत आवेदन फारमसाथ पेश गर्नुपर्नेछ। रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

(१८) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १०, ज्वागल र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
२. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारण आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ। १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कले भाग जाने संख्यामा अधिकतम १ लाख कित्ता शेयरका लागि आवेदन दिन सकनेछन्।

(१९) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित क्षेत्रमा प्रयोग हुनेछ :

क्र.सं.	विवरण	रकम (रु.)
१.	कर्जा भुक्तानी गर्ने	रु. १२,४०,००,०००/-
जम्मा		रु. १२,४०,००,०००/-

(२०) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना

सि.नं.	विवरण-पत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं। वेबसाइट www.nmbcl.com.np
२.	इष्टर्न हाइड्रोपावर लिमिटेड, ललितपुर १०, ललितपुर। वेबसाइट www.ehpl.com.np
३.	नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np
सि.नं.	**दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**
	आयोजना प्रभावित क्षेत्रमा स्थायी बसोबास गर्ने बासिन्दाहरुको हकमा :
१.	आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्लाका स्थानीय बासिन्दाहरुका लागि निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको बैंक तथा वित्तीय संस्थाहरु तथा नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु। १. एनएमबि बैंक लिमिटेड, भोजपुर शाखा। २. ग्लोबल आइएमई बैंक लिमिटेड, भोजपुर शाखा। ३. प्रभु बैंक लिमिटेड, भोजपुर शाखा। ४. प्रभु बैंक लिमिटेड, हतुवागढी शाखा। ५. लक्ष्मी बैंक लिमिटेड, भोजपुर शाखा।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु. २/- (दुई रुपैंया) शुल्क बुझाउनु पर्नेछ।

(२१) निष्काशन बैंक (Bankers to the Issue):

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं	NMBCL-EHL-BTI-2079/80	९९०००५४०१००१२१६

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

(२२) धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म खुल्ला रहनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरी बिक्री बन्द भई शेयर बाँडफाँड भए पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ। सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन खुल्ला रहनेछ।

(२३) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकारी स्मृति महर्जनलाई निजकै कार्यालय समयभित्र ०१-४४३७९६३ (एक्स. ११४) मा सम्पर्क गर्न सकिनेछ।

दरखास्त फारमको नमूना



लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या: १,००,००० कित्ता

दरखास्त फारममा निवेदकको आफ्नै खाता रहेको बैंक/वित्तीय संस्थाको नाम र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित
इष्टर्न हाइड्रोपावर लिमिटेड
Eastern Hydropower Limited
ललितपुर महानगरपालिका १०, ललितपुर, बागमती
फोन नं.: ९७७-०१-५५५०९३४
वेबसाइट: www.ehpl.com.np, इमेल: pikhuwakhola5@gmail.com

प्रति दरखास्त फारम रु.२/-

आवेदकको हालसालै खिचिएको फोटो (अनिवार्य)

आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्लाका सम्पूर्ण बासिन्दाहरुका लागि
साधारण शेयर खरिद दरखास्त फाराम

कोड नं.
सि.नं.

श्री सञ्चालक समिति,
इष्टर्न हाइड्रोपावर लिमिटेड
ललितपुर महानगरपालिका १०, ललितपुर, बागमती ।

मार्फत: एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं, नेपाल । फोन नं.: ०१-४४३७९६३, इमेल: info@nmbcl.com.np । वेबसाइट : www.nmbcl.com.np

हितग्राही खाता नं. DP ID / Client ID

त्यस कम्पनीको मिति २०७९/०४/०९ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा रु.१००/- अंकित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु. १००/- को दरले रु.................................. (अक्षरेपी...) यसै साथ पठाएको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या		शेयर वापत जम्मा गरेको रकम		मिति	२०७९/ /
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा				खाता नं.	

Sources of Fund (For Rs. 0.5 million and above as per Directive issued by SEBON)
आयको स्रोत (रु. पाँच लाख र सो भन्दा बढीको लागि बोर्डबाट जारी निर्देशन अनुसार)
व्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify)

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक			
	In English	Mr./Mrs./Miss/Minor			USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.	घर नं.	गाउँपालिका/न.पा.		जिल्ला
Permanent Address	Ward No.	House No.	R. M./M.		District
सम्पर्क ठेगाना					
P.O. Box No.		P.O. Box District		नागरिकता प्रमाण-पत्र नं.	
PAN		Contact No.		नागरिकता जारी गरेको स्थान	
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा				
	In English				USE CAPITAL LETTER
बाबुको नाम					
Father's Name					
बाजेको नाम					
Grandfather's Name					
पति/पत्नीको नाम					
संरक्षकको नाम (नाबालकको हकमा)					
Guardian's Name (Incase of minor)					

मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी तथा कागजातहरु र यस दरखास्त फाराममा खुलाएको विवरण साँचो हो । म/हामी यस कम्पनीको संस्थापकको, सञ्चालक तथा तीजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/गर्दछौं । झुटो ठहरिएमा प्रचलित कानुन बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मन्जुरी छ ।

पुनश्च: आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडी पट्टी रहेको बुँदा नं. १७ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।

निवेदकको दस्तखत (Applicant's Signature)
नाबालकको हकमा संरक्षकको दस्तखत

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत: एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं, नेपाल । फोन नं.: ०१-४४३७९६३, इमेल: info@nmbcl.com.np । वेबसाइट : www.nmbcl.com.np

रसिद
दरखास्तवालाले भर्नुपर्ने
सि.नं.:

Applicant's Name :				
Company's Name :	EASTERN HYDROPOWER LIMITED			
No. of Share Applied		Call Money per share	Rs. 100/-	Amount Deposited (Rs.)
Amount in words:				

निवेदकको दस्तखत (Applicant's Signature)
नाबालकको हकमा संरक्षकको दस्तखत

For Official use Only:
चेक भुक्तान नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ ।
Code No.:
Received by:
Date: Stamp
हितग्राही खाता नं. DP ID / Client ID

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड

नागपोखरी, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४४३७९६३
इमेल: info@nmbcl.com.np । वेबसाइट: www.nmbcl.com.np